# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ, प्रदेश नम्बर १, नेपाल ।


पत्र संख्या : २०७७/०७८      मिति : २०७७/०४/२२

चलानी नम्बर : १४०

**प्राविधिक सहायक (सब इञ्जिनियर) पद करार सेवामा पदपुर्ति गर्ने सम्वन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७७/०४/२२)

यस सिरीजङ्घा गाउँपालिकाको रोजगार सेवा केन्द्रको लागि एक (१) जना प्राविधिक सहायक पद करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यही मिति २०७७/०५/०९ गते कार्यालय समयभित्र ६००/०० (छ सय) रुपैंया राजस्व तिरेको रसिद सहित गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङमा आवेदन गर्ने गरी तपसिल बमोजिम दरखास्त आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| वि.नं. | पदको नाम | तह | करार अवधि | न्युनतम सेवा सुविधा |
|---|---|---|---|---|
| ०३/०७७/७८ | प्राविधिक सहायक (सब इञ्जिनियर) | सहायक पाँचौं तह | १ वर्ष | सहायक पाचौं तहको कर्मचारीले पाउने तलव, भत्ता लगायतका सेवा सुविधा । |

१. **आवश्यक न्युनतम योग्यता, अनुभव र सीप :**

- ✓ मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा प्रवीणता प्रमाणपत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको हुनु पर्ने ।
- ✓ कम्तीमा तीन महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको ।
- ✓ पुर्वाधारको निर्माण र मर्मतका लागि लागत अनुमान, सुपरीवेक्षण, अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
- ✓ १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्तसाथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धांक पत्रको प्रतिलिपी, अनुभव खुल्ने कागजातहरु र २ प्रति पासपोर्ट साइजको फोटो ।

३. **छनोट परीक्षा सञ्चालन हुने मिति, समय र स्थान** : सेवा सम्वन्धी र कम्प्युटर सम्बन्धी परीक्षा क्रमश: मिति २०७७/०५/१० गते विहान ८.०० बजे र विहान ११.०० बजे गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङमा सञ्चालन गरिनेछ । (छनोट परीक्षाको दिन सम्पूर्ण प्रमाणपत्रहरुको सक्कल प्रति सहित उपस्थित हुनु पर्नेछ)

४. आवेदकको कार्यविवरण, आवेदनको ढाँचा, पाठ्यक्रम लगायतको अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

**पुनश्च** : यस विषयमा थप जानकारी गाउँपालिकाका **रोजगार संयोजक श्री हिमाल तिम्सिना (सम्पर्क नं. ९८४४६८२१५०)** बाट समेत बुझ्न सकिनेछ ।

(श्री सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत